**डोटी जिल्लामा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन LGPAS सम्बन्धी क्षमता विकास प्रशिक्षण सम्पन्न**

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीको आयोजनमा **डोटी जिल्लाका** स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुख र सुचना प्रबिधि अधिकृतलाई स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन LGPAS सम्बन्धी क्षमता विकास प्रशिक्षण प्रतिष्ठानको हलमा सम्पन्न गरिएको छ। प्रशिक्षणमा डोटी जिल्लाका ९ वटा स्थानीय तहका ३६ जनाको सहभागिता रहेको थियो। माघ १८ र १९ मा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन को आवश्यकताका साथै सुदृढ, सक्षम र प्रभावकारी स्थानीय शासन स्थापित गर्ने, स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण गर्ने, स्थानीय तहको वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक-सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी निरन्तर सुधार गर्ने उदेश्यका साथ विषयगत क्षेत्र, सूचक, उपसूचकहरु माथी विस्तृत रुपमा छलफल भइ प्रयोगात्मक अभ्यास मार्फत सहभागिहरुलाइ प्रशिक्षण गराइएको हो ।

कार्यक्रममा श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलालीका सचिव श्री विमल प्रशाद बराल, सुदूरपश्चम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री गेहेन्द्र बमको उपस्थिति रहनुका साथै प्रशिक्षणको सहजीकरण सहजकर्ता द्वय श्री शंकर सुचिकार र देवेन्द्र प्रशाद गुरुङ्गले गर्नु भएको थियो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिँहदरवार, काठमाडौले प्रतिष्ठानको समन्वय तथा सहकार्यमा मिति २०८२ माघ १२ र १३ गते प्रदेश स्तरिय प्रशिक्षक प्रशिक्षण धनगढी, कैलालीमा कार्यक्रम संचालन भए पश्चात जिल्ला तहमा शुभारम्भ गरिएको LGPAS को पहिलो कार्यक्रम हो ।




"डोटी जिल्लाका स्थानीय तहका
कर्मचारीहरुका लागि LGPAS सम्बन्धि प्रशिक्षण"
माघ १८-१९, २०८२
सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुल्ना, डोटी
(PLGSP)


Sudurpashchim Pradesh Research and Training Academy
"डोटी जिल्लाका स्थानीय तहका
कर्मचारीहरुका लागि LGPAS सम्बन्धि प्रशिक्षण"
माघ १८-१९, २०८२
सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुल्ना, डोटी
(PLGSP)